मिति : २०८२/०५/३१ कापा बैठक सख्या: ०४-०८२/८३

कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

## बैठक नं. ४

आज मिति २०८२ साल भाद्र ३१ गते मंगलबार (ने.सं. ११४५, ञंलागा, दशमी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः दिनको ठिक २:३० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

<u>उपस्थितिः</u>

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

सहयोगीहरु

| | | | |
|---|---|---|---|
| १५ | | श्री सन्तोष गैरे | लेखा अधिकृत |
| १६ | | श्री गिरीराज अर्याल | प्रशासकीय अधिकृत |
| १७ | | श्री नगेन्द्र मल्ल | स. कम्प्युटर अधिकृत |
| १८ | | श्री धनपति ज्ञवाली | सचिवालय |
| १९ | | श्री बिनु तरामु | कार्यालय सहयोगी |

कञ्चन गाउँपालिका

मिति : २०८२/०५/३१ कार्यपालिका बैठक संख्या: ०४-०८२/८३

प्रस्तावहरु

४.१ आयुर्वेद औषधालय भवनको प्रतिवेदन सम्बन्धमा,

४.२ Gen-Z को आन्दोलनका क्रममा गाउँपालिकामा भएको क्षतिको मूल्याङ्कन सम्बन्धी प्रतिवेदन सम्बन्धमा,

४.३. दर रेट स्वीकृत सम्बन्धमा ।

निर्णयहरू

**४.१. आयुर्वेद औषधालय भवनको प्रतिवेदन सम्बन्धमा,**

मिति २०८२/०४/२९ गतेको गाउँ कार्यपालिकाको बैठक नं. ३.३ मा कञ्चन गाउँपालिका अन्तर्गत कञ्चन ३ हरैयामा रहेको आयुर्वेद औषधालय भवन अत्यन्तै पुरानो र जिर्ण अवस्थामा सञ्चालित रहेको, भवनको छत समेत खस्ने अवस्थामा रहेको भनि आयुर्वेद शाखाबाट जानकारी प्राप्त भएको र आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा आयुर्वेद औषधालय भवन मर्मत सम्भार तथा भौतिक पूर्वाधार निर्माण शिर्षकमा रू. १५ लाख रकम समेत विनियोजन भएकोले

उक्त आयुर्वेद औषधालयको जिर्ण छत भत्काई आवश्यक निर्माण कार्य अगाडी बढाउनका लागि निर्मित जिर्ण छत भत्काउनु पर्ने/नपर्ने, प्रत्यक्ष निरीक्षण गरी फोटो सहितको प्राविधिक राय/प्रतिवेदन पेश गर्नका लागि ५ सदस्यीय समिति गठन गरी स्थलगत निरीक्षण समेतका आधारमा ५ (पाँच) दिन भित्र राय सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने गरी कार्यदिश दिइएकोमा

समितिले स्थलगत अध्ययन गरी मिति २०८२/०५/०३ मा प्रतिवेदन पेश गरेकोमा उक्त प्रतिवेदनमा आयुर्वेद औषधालयको भवनको छत पूर्ण रूपमा जीर्ण भएको र उक्त छत भत्काइ पुनःनिर्माण गर्नुपर्ने भनि पेश भएको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत श्री माधव प्रसाद पोखेलबाट कार्यपालिकालाई जानकारी गराउनु भयो र सोही प्रतिवेदन समेतका आधारमा उक्त भवनको छत भत्काई ठेक्का प्रक्रियाद्वारा निर्माणका लागि निर्देशन दिने ।

**४.२. Gen-Z को आन्दोलनका क्रममा गाउँपालिकामा भएको क्षतिको मूल्याङ्कन सम्बन्धी प्रतिवेदन सम्बन्धमा,**

गाउँपालिकाको च.नं. २१७ मिति २०८२/०५/३० गतेको पत्रबाट २०८२/०५/२४ गते Gen-Z आन्दोलनका क्रममा भएको क्षतिको मूल्याङ्कन गरी २०८२ असोज १ गतेभित्र प्रतिवेदन बुझाउने गरी ६ सदस्यीय समिति गठन भएकोमा

समितिले स्थलगत अध्ययन अवलोकन गरी क्षतिको प्रारम्भिक मूल्याङ्कन रू. ३,९१,२२६/- रूपैंयाको क्षति भएको भनि प्रतिवेदन पेश गरेकोले प्रमुख प्रशासकीय अधिकृत श्री माधव प्रसाद पोखेलबाट कार्यपालिकालाई जानकारी गराउनु भयो ।

नवराज ढकाल
गा. पा. अध्यक्ष

४.३. दर रेट स्वीकृत सम्बन्धमा

यस कार्यालयबाट सार्वजनिक सूचना जारी गरी आ.व. २०८२/८३ का लागि कार्यालयका लागि आवश्यक स्वास्थ्य तर्फका सामग्रीहरूको लागत अनुमान तयार गर्ने प्रयोजनका लागि प्राप्त दररेटहरूको तुलनात्मक अध्ययन गरी सम्बन्धित शाखाबाट पेश भएका देहायका दररेटहरूलाई स्वीकृत गर्ने ।

क. स्वास्थ्य तर्फः पाना संख्या

ख. कृषि विकास तर्फ : पाना संख्या

<u>अन्त्यमा,</u> गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट चौथो कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।

नवराज ढकाल
गा. पा. अध्यक्ष

कञ्चन गाउँपालिका